आज मिति २०७८ साल वैशाख ०६ गते सोमबारका दिन विहान ११:०० बजे यस मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष श्री विदुर हुँमागाईंज्यूको अध्यक्षतामा बसेको ५८ औं गाउँ कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा पेश भएका उल्लेखित प्रस्तावहरु उपर छलफल गरी तपसिल बमोजिम निर्णय गरियो ।

| सिं.नं. | उपस्थिती | हस्ताक्षर |
|---|---|---|
| १ | श्री विदुर हुँमागाईं, अध्यक्ष | |
| २ | श्री हर्कमाया रुम्बा, उपाध्यक्ष | |
| ३ | श्री आइत सिं लो, १ नं. वडा अध्यक्ष | |
| ४ | श्री वखान सिं पाखिन, २ नं. वडा अध्यक्ष | |
| ५ | श्री भागवत घिमिरे, ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री राम प्रसाद तिमल्सिना, ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री जित वहादुर घिमिरे, ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री टिका प्रसाद दाहाल, ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री सुर्य वहादुर रुम्वा, ७ नं. वडा अध्यक्ष | |
| १० | श्री कुमार सिं घिसिङ, ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री सुरेन्द्र सुनार, कार्यपालिका सदस्य | |
| १२ | श्री मन्जु योन्जन, कार्यपालिका सदस्य | मन्जु |
| १३ | श्री चिनिमाया लुङ्वा, कार्यपालिका सदस्य | चिनी |
| १४ | श्री बुद्धिमाया वोम्जन, कार्यपालिका सदस्य, | |
| १५ | श्री पातलीमाया गोले, कार्यपालिका सदस्य | |
| १६ | श्री निर्मला विश्वकर्मा, कार्यपालिका सदस्य | निर्मला |
| १७ | श्री रामकुमार पुडासैनी, प्रमुख प्रशासकिय अधिकृत | |

Scanned with CamScanner

## ५८ औं गाउँ कार्यपालिकाको बैठकका प्रस्तावहरु

मिति: २०७८ वैशाख ०६

१. हालसम्म सञ्चालित योजना समिक्षा र प्रस्तुती ।
२. नदीजन्य पदार्थको उत्खनन् समिक्षा र विक्री सम्बन्धमा ।
३. आगामी गाउँसभाबाट अनुमोदन हुने गरी योजना संशोधन सम्बन्धमा ।
४. कोभिड-१९ र यसका प्रभाव र उपायहरु सम्बन्धमा ।
५. विभिन्न योजनाहरु कार्यान्वयन सम्बन्धमा ।
६. पशू शाखाको योजना कार्यान्वयन सम्बन्धमा ।
७. बाँदर धपाउने यन्त्र वितरण सम्बन्धमा ।
८. बालमैत्री कार्यक्रम समिक्षा र आगामी योजना सम्बन्धमा ।
९. सार्वजनिक सुनुवाई सम्बन्धमा ।
१०. गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका सम्बन्धमा ।
११. व्यक्तिगत घटना दर्ता अभियान सम्बन्धी तथा दस्तुर तथा शूल्कका सम्बन्धमा ।
१२. कार्यविधि अनुमोदन सम्बन्धमा ।
१३. साझेदारी सहयोग कार्यक्रम सम्बन्धी ।
१४. शिवम् सिमेन्ट उद्योगको पत्र र गाउँपालिकाको धारणा
१५. आर्थिक सहायता
१६. विद्यालय लेखापरिक्षक अनुमोदन सम्बन्धमा ।
१७. घ वर्गको लाइसेन्स दिने सम्बन्धमा ।
१८. भूमी सम्बन्धि विवरण स्विकृत गर्ने सम्बन्धमा ।
१९. विविध

**निर्णयहरु :**

**१. हालसम्म सञ्चालित योजनाको समिक्षा र प्रस्तुती ।**

यस गाउँपालिकाको वार्षिक कार्यक्रम अनुसार पारीत भएका गाउँपालिकास्तरीय तथा वडास्तरीय योजना तथा कार्यक्रमहरुका सम्बन्धमा समिक्षा गर्दा मंसिर सम्ममा योजना सम्झौता सम्पन्न गरिसक्ने र चैत्र महिनासम्ममा सबै योजनाहरु कार्यान्वयन गरिसक्नेकार्यतालिका पारीत भएकोमा सबै वडाहरुबाट उल्लेख्य मात्रामा उपभोक्ता समिति गठन भइ नसकेको, गठन भएका समितिहरुले समयमै योजना सम्झौता गर्न तदारुकता नदेखाएको, योजना अधिक संख्यामा रहेकोले समिति गठनमा समेत शिघ्रता नभएकोले उल्लेखित समयमा योजना सम्पन्न भई भुक्तानि हुनसक्ने अवस्था नरहने हुनाले योजना सम्झौताको म्याद यहि मिति २०७८ वैशाख मसान्त सम्म तथा कार्यान्वयनको म्याद २०७८ जेष्ठ मसान्तसम्म कायम गर्ने निर्णय गरियो । साथै वैठक समक्ष पेश हुन आएको हाल सम्म कार्यान्वयन भएका समग्र योजना तथा कार्यक्रमहरुको प्रतिवेदनमाथि छलफल गरी पारीत गर्ने निर्णय गरियो ।

**२. नदीजन्य पदार्थको उत्खनन् समिक्षा र विक्री सम्बन्धमा ।**

जिल्ला प्रशासन कार्यालय, मकवानपुरले यसै मिति २०७७ चैत्र १६ देखि ३१ गत सम्म १५ दिनका लागि सामरी खोलाको विभिन्न प्वाइन्टहरुमा तोकिएको परिमाणमा उत्खनन् अनुमति दिए बमोजिम गाउँपालिका विपद व्यवस्थापन समितिको निर्णय वमोजिम उपसमिति गठन गरी उक्त उपसमितिको सक्रियतामा विभिन्न ११ वटा प्वाइन्टहरुबाट तोकिएको परिमाणमा नदिजन्य पदार्थ उत्खनन् भएको विवरण उपसमितिमार्फत निर्णय भई कार्यपालिकामा पेश भएकोले उक्त विवरणमा उल्लेखित परिमाण पारीत गर्ने निर्णय गरीयो । साथै यसै मिति २०७८ वैशाख ७ गते देखि उत्खनन् भएको नदीजन्य पदार्थ नियमानुसार विक्रि गर्ने निर्णय गरियो ।

**३. आगामी गाउँसभाबाट अनुमोदन हुने गरी योजना संशोधन सम्बन्धमा ।**

कार्यान्वयन सम्भावना न्युन भएका चालु आर्थिक वर्षका लागि पारीत तपसिल बमोजिमका योजनाहरु आगामी गाउँसभाबाट अनुमोदन हुनेगरी संशोधन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

तपसिल

| क्र.सं. | संशोधन गर्नुपर्ने योजनाको नाम | विनियोजित बजेट | शंशोधित योजनाको नाम | बजेट |
|---|---|---|---|---|
| १ | बिउँ बैंक | १५ लाख | | १० लाख |
| | | | मिनिटिलर खरिद | ५ लाख |
| २ | बासुदेव स्मृती | १० लाख | शारदा माध्यामिक विद्यालय ट्रस स्तरोन्नती | १० लाख |
| ३ | दुम्सीडाँडा सडक निर्माण वडा नं. ७ | २ लाख | वडा कार्यालय ट्रस भवन निर्माण वडा नं. ७ | ६ लाख |
| ४ | सकौरा भिमसेनडाँडा सडक निर्माण वडा नं. ७ | ३ लाख | | |
| ५ | सुकौरा सिँचाई आयोजना | १ लाख | | |
| ६ | थलीडाँडा तामाघाट सडक निर्माण योजना वडा नं. ७ | २ लाख | कार्कीडाँडा थलीडाँडा खानेपानीपाईप योजना वडा नं. ७ | २ लाख |
| ७ | टनेल खेती निर्माण | २ लाख | सातकन्या दमार सिंचाई योजनाको लागि सिँचाई पाइप खरिद | २ लाख |

**४. कोभिड-१९ र यसका प्रभाव र उपायहरु सम्बन्धमा ।**

विश्वका केहि देशहरुमा कोभिड-१९ संक्रमण जोखिम अधिक मात्रामा बढ्दै गइरहेको वर्तमान अवस्थामा यो जोखिमबाट नेपाल पनि अछुतो नरहेको कारण यस गाउँपालिकामा संक्रमण हुन सक्ने सम्भावना निराकरण गर्न नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७८ वैशाख ०६ को निर्णयहरु तथा देहाय बमोजिम लागू हुने गरी कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

- गाउँपालिका भित्रका विद्यालयहरुले जनस्वास्थ्यका मापदण्डहरुको अनिवार्य पालना गराई पठनपाठन गर्ने गराउने साथै चालु शैक्षिक शत्रको परीक्षा सञ्चालन वैशाख महिना भित्रनै सम्पन्न गर्ने ।
- गाउँपालिकाभित्रका क्लब, हेल्थ क्लब, जिमखाना, फुटसल, सभा, आमसभा, जुलुस, हाटबजार, खेलमैदानमा हुने दर्शक सहितको खेलकुद र मानिसको भिडभाड हुने सबै प्रकारका कायक्रम २०७८ बैशाख मसान्त सम्म बन्द गर्ने,
- गाउँपालिका भित्रका मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थलमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी २०७८ वैशाख मसान्तसम्म नित्य पूजा, ध्यान र प्रार्थना मात्र गर्ने, गराउने । यसमा सम्वन्धित धार्मिक स्थलका सञ्चालकले आवश्यक व्यवस्था मिलाउने ।
- एक पटकमा २५ जना भन्दा वढी जमघट नहुने, कुनै पनि सामान अनावश्यक नछुने, दुइ व्यक्तिको विचमा दुई मिटर दूरी कायम गर्ने, मास्क अनिवार्य गर्ने, पटक पटक निरन्तर साबुन पानीले हात धुने वा सेनिटाइज गर्ने, जनस्वास्थ्य सम्वन्धी मापदण्ड पालना गर्ने, गराउने, माइकिङ मार्फत यस सम्वन्धमा टोलटोलमा जानकारी गराउने ।
- मेला, महोत्सव, जात्रा, पर्व, विवाह, न्वारान, पास्नी, ब्रतबन्ध, धार्मिक अनुष्ठान, मलामी लगायतका अत्यावश्यक परम्परागत धार्मिक तथा सांस्कृतीक कृयाकलापहरु सञ्चालन गर्दा पच्चीस जना भन्दा बढी नहुने र जनश्वास्थ्यका मापदण्डहरुको पालना हुने गरी मात्र सञ्चालन गर्ने,
- सभा सम्मेलन गोष्ठि सेमिनार समिक्षा बैठक, तालिम प्रशिक्षण जस्ता क्रियाकलापहरु सञ्चालन भर्चुअल माध्यामबाट गर्ने,
- सार्वजनिक यातायात सञ्चालन गर्दा अनिवार्य मास्क लाउने, सिट क्षमता भन्दा बढि यात्रु नराख्ने, चालक सहचालकले मास्क र भाइजर अनिवार्य लगाउने, सवारी साधनले ढोकामा सेनिटाइजरको व्यवस्था गर्ने,
- कार्यालय पसल, होटल जस्ता सार्वजनिक स्थलहरुमा मास्क र सेनिटाइजरको अनिवार्य व्यवस्था गर्ने

Scanned with CamScanner

## ५. विभिन्न योजनाहरु कार्यान्वयन सम्बन्धमा।

चालु आर्थिक वर्षमा कार्यान्वयन गर्नका लागि तपसिल बमोजिमका योजनाहरु उल्लेखित शिर्षकबाट खर्च भुक्तान हुने गरी कार्यान्वयन गर्ने निर्णय गरीयो। साथै अध्यक्ष ज्यूबाट विभिन्न समयमा तोक आदेश मार्फत कार्यान्वयनमा आएका उल्लेखित योजना तथा कार्यक्रमहरु तथा विनियोजन भएको बजेट अनुमोदन गर्ने निर्णय गरियो।

**तपसिल**

| सि.नं. | योजनाको नाम | बजेट विनियोजन | बजेट शिर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | जनता माध्यामिक विद्यालय सिसिटिभि व्यवस्थापन | १ लाख ५० हजार | | |
| २ | बहिरा संघ सहयोग | ५० हजार | | |
| ३ | गाउँपालिका तथा वडामा अप्टिकल फाइबर नेट जडान सम्बन्धमा | ३ लाख ५० हजार | | |
| ४ | कृषि क्षतीपूर्ति क्षेतिको ४० प्रतिशत | ९० हजार | | |
| ५ | गाउँपालिका भवन पार्टिसन सम्बन्धी | ५ लाख | | |
| ६ | शैक्षिक सहयोग अक्षय कोष नेपाल | २० हजार | | |
| ७ | स्वास्थ्य चौकी तथा जनता मावि सेकुरीटि गार्ड तलब | १ लाख | | |
| ८ | महिला कल्याण वचत तथा ऋण सहकारी संस्था | १ लाख | | अनुमोदन गरियो। |
| ९ | कालिवन खानेपानी उपभोक्ता समूह भवन निर्माण | १ लाख ५० हजार | | अनुमोदन गरियो। |
| १० | श्रमिक साना किसान कृसस लि | ४० हजार | | अनुमोदन गरियो। |
| ११ | जनक माध्यामिक विद्यालय | ६० हजार | | अनुमोदन गरियो। |
| १२ | न्यौपाने बेकरी उद्योग | १ लाख | | अनुमोदन गरियो। |
| १३ | अविरल चटपटे मसला उद्योग | १ लाख २५ हजार | | अनुमोदन गरियो। |
| १४ | अति विपन्न तथा पशु कृषक समूह | ३ लाख | | अनुमोदन गरियो। |
| १५ | भिमसेन आइरन उद्योग | १ लाख २० हजार | | अनुमोदन गरियो। |
| १६ | सोनम ल्होसार | २५ हजार | | अनुमोदन गरियो। |
| १७ | चण्डिका माध्यामिक विद्यालय | २५ हजार | | अनुमोदन गरियो। |
| १८ | जिल्ला वचत ऋण तथा सहकारी संस्था | १ लाख | | अनुमोदन गरियो। |
| १९ | वतासे मोडर्न एग्रो प्रालि | ५० हजार | | अनुमोदन गरियो। |
| २० | सामाजिक परिक्षण | ५० हजार | | |
| २१ | टोल विकास संस्था अभिमुखिकरण | २ लाख ५० हजार | | |
| २२ | नविकरण भएका प्रत्येक टोल विकास संस्थालाई फर्निचर व्यवस्थापन | १५ हजार प्रति टोल विकास संस्था | | |
| २३ | अपाङ्ग विपन्न लक्षित कार्यक्रम दिल बहादुर योन्जन वडा नं. ४ | ३ लाख | सामाजिक विकास मन्त्रालय | |
| २४ | सामरी खोला कोरीडोर बाटो निर्माण वडा नं. ३, ५ र ६ मा प्रति वडा ५/५ लाख | १५ लाख | | |
| २५ | वेलिब्रिज थप बजेट | ४० लाख | | |
| २६ | आँपखोला ज्वालादेवी सिँचाई | १ लाख | | |
| २७ | स्वरोजगार पाईला तालिम | २ लाख | | |
| २८ | रानिवन उपभोक्ता समूह | १ लाख ५० हजार | | |
| २९ | तिलगंगा वहुउद्देश्यीय सहकारी | २ लाख ५० हजार | | |

Scanned with CamScanner

| ३० | जागरण मिडिया प्रा.लि. | १ लाख ५० हजार | | |
|---|---|---|---|---|

**६. पशू शाखाको योजना कार्यान्वयन सम्बन्धमा ।**

चालु आर्थिक वर्षका लागि पशू शाखामा विनियोजित बजेट बमोजिम तपसिल बमोजिम योजनाहरु देहायबमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

क) ५० प्रतिशत अनुदानमा मिल्कीङ्ग मेशिन खरिदमा देहायबमोजिम माग संकलन भएकोमा मुल्याकंन गर्दा तपसिल बमोजिम मिल्कीङ्ग मेशिन प्रदान गर्ने गरी स्विकृत गरी सम्झौता गर्ने र लाभग्राहीले कार्यसम्पन्न अर्थात मिल्कीङ्ग मेशिन खरिद गरेपश्चात मिल्कीङ्ग मेशिन को फोटोसहित वडा र पशू शाखाको कार्यसम्पन्न सिफारीस सहित बिलभरपाई प्राप्त भए पछि भुक्तानि गर्ने निर्णय गरियो ।

| सि.नं. | माग कर्ताको विवरण | व्यक्तिको नाम | माग संख्या | स्विकृत संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | चुरीयामाई एग्रो फर्म | विराज दुलाल | १ | १ | |
| २ | पाखिन एकिकृत कृषि फर्म | सूर्य बहादुर पाखिन | १ | १ | |
| ३ | दाजुभाई एकिकृत कृषि फर्म | दीनेश दहाल | १ | १ | |

ख) पाडापाडी स्रोत केन्द्र व्यवस्थापनमा ८ जनाको माग संकलन भएकोमा मुल्याकंन गर्दा तपसिल बमोजिम पाडापाडी स्रोत केन्द्र व्यवस्थापन प्रदान गर्ने गरी स्विकृत गरी सम्झौता गर्ने र लाभग्राहीले कार्यसम्पन्न अर्थात पाडापाडी स्रोत केन्द्र व्यवस्थापन गरेपश्चात सोको फोटोसहित वडा र पशू शाखाको कार्यसम्पन्न सिफारीस सहित बिलभरपाई प्राप्त भए पछि भुक्तानि गर्ने निर्णय गरियो ।

| सि.नं. | माग कर्ताको विवरण | माग संख्या | स्विकृत संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | विवेक पोल्ट्री फर्म, सरीता अधिकारी, म.गढी-१ | १ | १ | |

ग) यस गाउँपालिकामा रहेका दूग्ध सहकारी संस्था लिमिटेडहरुले प्रत्येक वर्ष दूग्ध संकलन गरेको विवरणका आधारमा दूग्ध वितरक किसानहरुलाई वार्षिक रुपमा बिक्रि गरेको प्रतिलिटर दूधको रु. १ रुपैंया अनुदान दिने वार्षिक नीति तथा कार्यक्रम रहेकाले उक्त कार्यक्रममा रु. ४० लाख बजेट विनियोजन भएकोमा दूग्ध सहकारी संस्थाहरुमा गत वर्षको जम्मा ४६ लाख ७ सय ६० लिटर दूध संकलन भएको देखिएकोले थप रु. ६ लाख ७ सय ६० रकम विनियोजन गरी उक्त वार्षिक नीति तथा कार्यक्रमको कार्यान्वयन गर्ने निर्णय गरियो । साथै दूधमा १ लि. को १ रुपैंया अनुदान दिएको रकमको भरपाई दूग्ध सहकारी संस्थाहरुसँग संकलन गर्ने निर्णय गरियो ।

घ) पशू विकास शाखा अन्तरगत पर्ने नश्ल सुधार कार्यक्रमका लागि विनियोजन भएको १ लाख रकममध्य ३६ हजार नश्ल सुधार तालिम र बाँकी ६४ हजारको नश्ल सुधार सम्बन्धि सामाग्री नियमानुसार खरिद गर्ने निर्णय गरियो ।

ङ) पशू विकास शाखा अन्तरगत पर्ने पशू विकास क्षमता अभिवृद्धि तालिममा १ लाख रहेकोमा १० हजारको पशू विकास क्षमता अभिवृद्धि तालिम र बाँकी ९० हजारको पशू विकास क्षमता अभिवृद्धि तालिमको लागि आवश्यक पर्ने पशू रोग जिवाणु अनुसन्धान गर्ने माइक्रोसकोप खरिद निर्णय गरीयो ।

**७. बाँदर धपाउने यन्त्र वितरण सम्बन्धमा :**

गाउँपालिकाको चालु आ.व.०७७/७८ को वार्षिक स्वीकृत कार्यक्रमअनुसार कृषि विकास कार्यक्रमतर्फ बाँदर धपाउने उपकरण व्यवस्थापन कार्यक्रम संचालनको लागि प्रथम पटक मिति २०७७/१२/०१ गते र दोश्रो पटक मिति

Scanned with CamScanner

ख) विपद क्षेतिपूर्ति एवं राहतलाई थप प्रभावकारी बनाउन विपद व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०७५मा दफा ८ क थप गरी संशोधन देहायको उपदफा र छात्रवृत्ति वितरण कार्यविधि २०७६ मा तपसिलको अनुसूचि राखि उक्त कानुन संशोधन गर्ने निर्णय गरियो ।

८क. गाउँपालिकाभित्र हुने विपदका तपसिलमा घटनाहरुमा क्षेतिपूर्तिस्वरुप देहाय बमोजिम राहत उपलब्ध गरिनेछ ।

१. गाउँपालिकाभित्रको खोलानालामा बाढि आएको समयमा डुबि वा बगि मृत्यु भएमा मृतकको परिवारलाई ५० हजार

२. गाउँपालिकाभित्रका स्थानीय वासिन्दाहरुको घरमा आगलागि भई घर पूर्ण रुपमा क्षेती भएमा प्रति घर १० हजार उपलब्ध गराउने र पिडितले नयाँ घर निर्माणपश्चात लागत अनुमान अनुसार बढीमा ४ बण्डल नबढ्ने गरी जस्तापाता उपलब्ध गराउने ।

३. गाउँपालिका क्षेत्रभित्रका स्थानीय वासिन्दाहरुको घरगोठ आगलागि भई चौपायाको मृत्यु भएमा पिडितलाई पुलिस चौकीमा जानकारी गराई सर्जिमिन मुचुल्का, मृत चौपायाको फोटो, पिडित घरका व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि तथा सम्वन्धित वडाको सिफारीसका आधारमा प्रति पिडित घरपरिवार देहायको राहत रकम उपलब्ध गराउने ।

- दुहुनो भैंसिको मृत्यु भएमा ३० हजार थोरे भैंसिको मृत्यु भएमा २० हजार
- थोरे गाईको मृत्यु भएमा प्रतिगोटा २० हजार
- गोरु तथा वाच्छावाछिको मृत्यु भएमा प्रतिगोटा १० हजार
- वाखा, वोका, खसि, बुंगुर तथा अन्य घरपालुवा चारखुट्टे जनावरको मृत्यु भएमा प्रति गोटा ३ हजार
- कुखुराको मृत्यु भएमा रु. १ सय प्रतिगोटा

ग) आर्थिक सहायता सम्वन्धि कार्यविधिमा अनुसुचि १ र २ थप गरी देहायको व्यवस्था गर्ने ।

**अनुसूचि १**

**स्वास्थ्य उपचारमा दिइने अनुदान**

- मुटुको अपरेशन गर्नुपर्ने भएमा बिल भरपाईका आधारमा रु. ५० हजार सम्म
- मृगौला फेर्नुपरेमा बिल भरपाईका आधारमा रु. ५० हजारसम्म
- क्यान्सर रोगको उपचारमा अपरेशन गर्नुपर्ने भएमा बिल भरपाईका आधारमा रु. ५० हजार सम्म
- मुटु मृगौला तथा क्यान्सर तथा सोही प्रकृतीका अन्य रोगको उपचार मात्र गर्नुपर्ने अवस्थामा बिल भरपाईका आधारमा रु. १५ हजार देखि २५ हजारसम्म

**अनुसूचि २**

**छात्रबृत्तिमा सहयोग**

- एम.वि.बि.एस अध्ययनका लागि गाउँपालिकाको स्थायी बासिन्दा, सरकारी सामुदायिक विद्यालयबाट एस.इ.इ उर्त्तीण गरेको सम्वन्धित विद्यालयको विपन्नता सिफारीस, वडा सिफारीसको आधारमा प्रतिविद्यार्थी वार्षिक रु. ५ लाख सम्म ।
- स्नातक तहको भेटेरीनरी अध्ययनको लागि स्थायी बासिन्दा, सरकारी सामुदायिक विद्यालयबाट एस.इ.इ उर्त्तीण गरेको सम्वन्धित विद्यालयको विपन्नता सिफारीस, वडा सिफारीसको आधारमा रु. २ लाख सम्म ।
- प्राविधिकतर्फको स्नातक अध्ययनको लागि (इन्जि, कृषि, नापी र वन लगायत वा सो सरह) गाउँपालिकाको स्थायी बासिन्दा, सम्वन्धित विद्यालयको विपन्नता सिफारीस, वडा सिफारीसको आधारमा रु. ३० हजार सम्म ।

Scanned with CamScanner

* प्राविधिक तर्फको प्रविणता प्रमाणपत्र अध्ययनको (सब इन्जि, नर्सिङ, पशू कृषि नापीर वन) का लागिगाउँपालिकाको स्थायी बासिन्दा, सम्बन्धित विद्यालयको विपन्नता सिफारीसको आधारमा रु. २५ हजार सम्म,
* प्राविधिक तर्फको १८ महिने अ.हे.व, अ.न.मी., कृषि, भेटेरीनरी, नापी, वन, तालिम र ल्याब टेक्निसियन वा सो सरह) को लागि गाउँपालिकाको स्थायी बासिन्दा, सम्बन्धित विद्यालयको विपन्नता सिफारीस, वडा सिफारीसको आधारमा रु. २५ हजार सम्म
* प्राविधिक क्षेत्रबाहेक अन्य अध्ययन तर्फ गाउँपालिकाको स्थायी बासिन्दा, सम्बन्धित विद्यालयको विपन्नता सिफारीस, वडा सिफारीसको आधारमा रु. १० हजार सम्म
* अपाङ्ग, दलित असहायको हकमा गाउँपालिकाले निर्णय गरी रु. १० हजार देखि ३० हजार सम्म छात्रवृत्ति उपलब्ध गराउने सक्नेछ ।

## १३. साझेदारी सहयोग कार्यक्रम सम्बन्धी ।

गाउँपालिका क्षेत्रमा कार्यान्वयन गर्ने देहाय बमोजिमका योजनाहरु साझेदारीमा गर्ने निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम | कूल लागत | साझेदार निकाय | गाउँपालिकाले व्यहोर्ने रकम | सम्बन्धित उद्योग वा संस्थाले व्यहोर्ने |
|---|---|---|---|---|---|
| १ | वासुदेव मार्गको सिमल्टार, सुकौरा खण्डको ७०० मिटर स्ल्याव ढलान । | ८५ लाख | उद्योग | ३० लाख | ५५ लाख |
| २ | हेटौंडा भ्यू प्वाइन्ट, गढी ४ निर्माण सम्वन्धी | १० लाख | हेटौडा उपमहानगरपालिक | ५ लाख | ५ लाख |
| ३ | युवा नमुना सांसद सञ्चालन कार्यक्रम | २ लाख २५ हजार | ग्रामिण महिला सेवा केन्द्र | १ लाख ५० हजार | ७५ हजार |

## १४. शिवम् सिमेन्ट उद्योगको पत्र र गाउँपालिकाको धारणा

शिवम् सिमेन्ट उद्योगवाट प्राप्त पत्र अनुसार विगत देखिनै नियमित भइरहेको संरक्षणको कार्यक्रम गर्न गराउन पालिका जानकारी गराएको सन्दर्भमा उद्योगले सामाजिक उत्तरदायित्वको जिम्मेबारीवाट पन्छिएर गरेको अभिव्यक्ति महसुस गरीयो । यसका लागि उद्योग र सम्बन्धित निकायमा आवश्यक ध्यानाकर्षण पत्र पठाउनुका साथै तत्काल आउने विपद व्यवस्थापन गर्न तथा दिगो संरक्षणका लागि उद्योगसँग आवश्यक समन्वय गर्न गराउन सम्बन्धित वडा र यस क्षेत्रमा लागि परेका समितिलाई जानकारी गराउने र आवश्यक सहजीकरण गर्न गाउँपालिका तयार रहने निर्णय सर्वसम्मतवाट गरियो ।

## १५. आर्थिक सहायता

आर्थिक सहायता सम्वन्धी कार्यविधि, २०७४ बमोजिम यस गाउँपालिकामा स्वास्थ्य सम्वन्धी समस्या भएका निवेदक तथा विरामीहरुले दिएको निवेदन तथा खर्च भएको रकम अनुसार गाउँपालिका अध्यक्षज्यूवाट तोक आदेश भई अनुमोदन गर्नुपर्ने तथा आर्थिक सहायताका लागि पेश भएका सहयोगापेक्षी विपन्न तथा स्वास्थ्य समस्यावाट पिडित व्यक्तिहरुलाई तपसिल बमोजिम रकम आर्थिक सहयोग स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

| सि.नं. | विरामी वा निवेदकको नाम र ठेगाना | स्वास्थ्य समस्या | बजेट खर्च शिर्षक |
|---|---|---|---|
| १ | अनिता स्याङतानको श्रीमान | खुटटा भाँचिएको | २० हजार |
| २ | राम बहादुर रुम्वा | छोरा विरामी | २० हजार अनुमोदन |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| ३ | लक्ष्मण ल्हो | दुर्घटनामा मेरुदण्ड भाँचिएको | २५ हजार |
| ४ | लिला ब. ड्यासुर | क्यान्सर | २० हजार |
| ५ | मुरली माया गुरुङ | मुटुको समस्या | २० हजार |

**१६. विद्यालय लेखापरिक्षक अनुमोदन सम्बन्धमा ।**

यस गाउँपालिकाभित्रका ४० वटै विद्यालयहरुको गत आर्थिक वर्ष २०७६।०७७ को अन्तिम लेखा परिक्षण गर्नका लागि यस गाउँपालिकाको मिति २०७७ फाल्गुण १७ को सूचना वमोजिम निर्धारीत समयभित्र यस कार्यालयमा रीतपुर्वक दर्ता हुन आएका लेखापरिक्षकहरुको सूची प्रकाशन गरिएकोमा ७ दिनको समयभित्र प्रकाशित सूचीभित्रबाट पर्ने गरी ३ जना लेखापरिक्षकको सिफारिस गर्नु भनि विद्यालयलाई सूचना प्रकाशन गरिएकोमा निर्धारीत समयभित्र लेखापरिक्षक पठाउने विद्यालयको सिफारीस, लेखापरिक्षकको वर्गका आधारमा सूचक कायम गरी माध्यामिक, आधारभूत र प्राथमिक विद्यालयमा प्रति लेखापरिक्षक २ विद्यालय पर्ने गरी लेखापरिक्षक खटाउने भनि गरीएको विद्यालय लेखापरिक्षण समितिको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**१७. घ वर्गको लाइसेन्स दिने सम्बन्धमा ।**

मकवानपुरगढी गाउँपालिकाको घ वर्गको लाइसेन्स दिने सम्वन्धि कार्यविधि, २०७५ वमोजिम आएका तपसिल वमोजिमका फर्मलाई नियमानुसार घ वर्गको लाइसेन्स दिने निर्णय गरियो ।

क) डि. लोप्चन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., मकवानपुरगढी-४

ख) जि.एम. निर्माण सेवा, मकवानपुरगढी-७

**१८. भूमी सम्बन्धि विवरण स्विकृत गर्ने सम्बन्धमा ।**

भूमि सम्वन्धी समस्या समाधानआयोग र यस मकवानपुरगढी गाउँपालिकाको विचमिति २०७७।८।२५ माभएको समझदारी अनुसार आयोगले मिति २०७७।१०।०९ गते जारी गरेको भूमि सम्वन्धीनिवेदनफारम भर्ने ३५ दिने सूचना वमोजिम गाउँपालिकाका ८ वटै वडाहरुमा प्राप्त भूमिहीन दलित/भूमिहीन सुकुम्वासीहरुको निवेदन फारम (अनुसूची ३) र अव्यवस्थित वसोवासीहरुको निवेदन फारम माथि वडास्तरीय भूमि समवन्धी समस्या समाधान सहजीकरण समितिद्वारा रुजु भई यस कार्यपालिकामा सिफारिस भएका भूमिहीन दलित/भूमिहीन सुकुम्वासीहरुले आवद कमोत गरेको जग्गाको प्रकृति तथा क्षेत्र, अव्यवस्थित वसोवासीहरुले आवद कमोत गरेको जग्गाको प्रकृति, आवद कमोतको अवधी तथा आवद कमोत गरिएका जग्गाहरु रहेको स्थान सम्वन्धी विवरणहरु मनासिव रहेको पाईएकोले ती विवरणहरुलाई एकमुस्ट स्वीकृत गरी अनुमोदन गर्ने निर्णय गरियो । साथै अनुमोदित विवरणहरुलाई (१) **भूमिहीनदलित/भूमिहीन सुकुम्वासीहरुको कार्यपालिकाद्वारा अनुमोदित विवरण** र (२) **अव्यवस्थित वसोबासीहरुको कार्यपालिकाद्वारा अनुमोदित विवरण** नामाकरण गरी अनुसूचीको रुपमा वेग्लै फाईलमा राख्ने समेत निर्णय गरियो ।

**१९. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगतका योजनाहरु अनुमोदन सम्बन्धमा ।**

रोजगार निर्देशक समितिको मिति २०७७ फाल्गुण २५ मा वसेको वैठकवाट प्रधानमन्त्रि रोजगार कार्यक्रम अन्तरगतका तपसिल वमोजिमका स्विकृत भएका योजनहरु योजनाहरु सर्वसम्मतवाट अनुमोदन गर्ने निर्णय गरियो ।

**तपसिलः**

**युवा रोजगारीकालागि रुपानतरण पहलआयोजनाअन्तर्गत स्वीकृत योजनाहरुको विवरण :**

Scanned with CamScanner

| वडा नं. | क्र.सं. | योजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | १. | पिङ डाँडा ओम खोल्सी सडक निर्माण | १,००,०००/- | |
| | २. | रतनदेवीचालिसे सडक निर्माण | २,००,०००/- | |
| | ३. | चोकटोङ डाँडा टोल सडक निर्माण | १,००,०००/- | |
| | ४. | अम्बाटार रानीबास जरायोटार सडक | १,२०,४००/- | |
| | ५. | टासी मोलमगुम्बानिर्माण | १,००,०००/- | |
| जम्मा | | | ६,२०,४००/- | |
| २ | १. | लप्टनखर्क घाटेपानीगोरेटो सडक मर्मत | १,००,८१५/- | |
| | २. | गढी दरवारी जिरी सडक नालानिर्माण | १००५०५/- | |
| | ३. | शिखरकटेरी खोलाखेत सडक नालानिर्माण | १,०८,८८०/- | |
| | ४. | लामीडाँडा कुर्ले सडक नालानिर्माण | १,००,८१५/- | |
| | ५. | हेमकर्ण माथिल्लो छाप तल्लो छाप सडक नालानिर्माण | २,०९,३८५/- | |
| जम्मा | | | ६,२०,४००/- | |
| ३ | १. | देवीडाँडा देखि धमिले जाने सडक नालानिर्माण | ९६,९३८/- | |
| | २. | बरबोट देखि सामरी खोला सम्मनालानिर्माण | १,६१,५६३/- | |
| | ३. | महादेव मन्दिरनिरको चौतारा निर्माण | ४०,३०५/- | |
| | ४. | बालमैत्रीपार्क निर्माण | ४,३०,८७०/- | |
| जम्मा | | | ७,२९,६७६/- | |
| ४ | १. | मनकामनाधादिङ्ग सडक मर्मत | १,६१,५६२/- | |
| | २. | ज्वालादेवी स्कुल सडक मर्मत | ३४,२५२/- | |
| | ३. | सामरी पुल देखि मनकामनाभञ्ज्याङ्ग सडक मर्मत | १,२९,२५०/- | |
| | ४. | प्रतिभा स्कुलजाने बाटो | ३१,६६६/- | |
| | ५. | बुर्जा डाँडा सामरी सडक मर्मत | १,०३,४००/- | |
| | ६. | सहिद रुद्र स्मृतीपार्क सरसफाइ | ३२,०५४/- | |
| | ७. | धर्मचुली सडक मर्मत | ९६,९३८/- | |
| | ८. | भञ्ज्याङ्गमनकामना सुवेदी टोल सडक | १६,१५७/- | |
| | ९. | मनकामनामन्दिर सरसफाइ | १५,५१०/- | |
| जम्मा | | | ६,२०,७८९/- | |
| ५ | १. | खैरेनीजोगीडाँडा सडक मर्मत | १,५८,३००/- | |
| | २. | चिल्लीबास नयाँगाउँ सडक मर्मत | २,००,७५४/- | |
| | ३. | लाप्सेखोला सडक मर्मत | ३,१३,२४३/- | |
| जम्मा | | | ६,७२,२९७/- | |
| ६ | १. | डुम्रेकुना मुलडाँडा सडक मर्मत तथानालाव्यवस्थापन | ९१,४१२/- | |
| | २. | ठुलोसल्ले आमभञ्ज्याङ्गमोटरबाटो मर्मत | १,०७,२७७/- | |
| | ३. | मातातिर्थ मन्दिर संरक्षण | ३,५९,८६२/- | |
| | ४. | पश्चिम डाँडा सडक निर्माण | ३१०२०/- | |
| | ५. | भालुखोलावाग्दलीभित्री सडक निर्माण | ३१०२०/- | |
| जम्मा | | | ६,२०,५९१/- | |
| ७ | १. | चारघरे कार्की डाँडा जिम्मबर पुरानो बाटो तथानालामर्मत | २,२३,६०३/- | |
| | २. | चारघरे, गेभ डाँडा, नर्मिङ डाँडा खानेपानी मर्मत | १,९६,९५३/- | |
| | ३. | चारघरे, गेभ डाँडा, नर्मिङ डाँडा खेलकुद चौर मर्मत | २,००,१४४/- | |
| जम्मा | | | ६,२०,७००/- | |